सियारी गाउँपालिका

Siyari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office Of Rural Municipal Executive

हर्नैया, रुपन्देही

Harnaiya, Rupandehi

प. सं. / Ref. No.: २०८१/ ८२

च. नं. / Dispatch No. :

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

मितिः २०८१/१०/१३

सूचना ! सूचना!! सूचना !!!

विषय: लोकसेवा आयोगको तयारी कक्षा वारे ।

प्रस्तुत विषयमा सामाजिक विकास डिभिजन कार्यालयकोको मिति २०८१/१०/०६को सूचना यसै साथ संलग्नछ । सो सूचना वमोजिम तयारि कक्षामा सहभागी हुन इच्छुक सियारी वासिले मिति २०८१/१०/२७गते भित्र सियारी गाउँपालिका शिक्षा युवा तथा खेलकूद शाखामा आवेदनमा उल्लेखित मापदण्ड वमोजिम फाइल तयार गरि पेश गर्नु हुन सूचित गरिन्छ ।

१०/१३.

अशर जि. सी.

प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

भैरहवा, रुपन्देही

प.सं. २०८१/८२
च.न. २४६

मिति२०८१।१०।६
२०८१/१०/६

विषयः आवश्यक सहयोग गरि दिने बारे।

श्री सियारी गाउपालिका
गाउकार्यपालिकाको कार्यालय
शिक्षा शाखा सियारी रुपन्देही।

प्रस्तुत विषयमा यस कार्यालयको चालु आर्थिक बर्ष २०८१।०८२को वार्षिक कार्यकक अनुसार त्यस पालिका भित्रका निजामती सेवामा प्रवेश गर्न ईच्छुक निम्न बर्गिय समुदायका युवा युवतीहरुलाई लोक सेवा तयारी कक्षा संचालन गर्नुपर्ने भएकोले ईच्छुक व्यक्तीहरुलाई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन दिन सूचना प्रकासित गरिएको हुँदा उक्त सूचना प्रचार प्रसारका लागि पालिकाका सवै वडाहरुमा पठाई प्रचारप्रसार गरि दिनु हुनका साथै निवेदन पेश गर्ने प्रशिक्षार्थीहरुको म्याद समाप्त भएको लगत्तै पालिकाबाट सूचनामा उल्लेखित संख्या भन्दा बढी नहुने गरी मापदण्डलाई प्राथमिकता दिई छनौटको अन्तिम सुची तयार गरी यस कार्यालयमा पठाई सहयोग गरि दिनु हुन अनुरोध छ।

हरि बहादुर थापा
शिविर प्रमुख

सियारी गाउँपालिका
हथिया, रुपन्देही
दर्ता नं.: २१६६
मिति: ०८१/१०/०८
हस्तक्षर:

फ्याक्स नं. ०७१-५७५५२६, ०७१-५९०३२२ E-mail: sddo.rupandehi@gmail.com Web Site: sddorupandehi.lumbini.gov.np

CS CamScanner

लुम्बिनी प्रदेश सरकार
सामाजिक बिकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

भैरहवा, रुपन्देही

प.सं. २०८१/८२

मितिः२०८१।१०।६
२०८१/१०/६

च.नं.

सूचना।

यस कार्यालयको चालु आर्थिक बर्ष २०८१।०८२ को बार्षिक कार्यक्रम अनुसार निजामती सेवामा प्रवेश गर्न ईच्छुक युवा युवतीहरुलाई मर्चवारी गाउपालिका, सम्मरीमाई गाउपालिका र सियारी गाउपालिकामा २५/२५ जनाको समुह बनाई १।१ वटा लोक सेवा आयोग तयारी कक्षा संचालन गर्नु पर्ने भएकोले योग्यता पुगेका निम्न बर्गिय समुदायका ईच्छुक व्यक्तीले निम्न लिखित कागजात सहित यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र आ-आफ्नो गाउपालिकाको शिक्षा शाखामा निवेदन दिनु हुन सम्बन्धीत सबैको जानकारीका यो सूचना प्रकाशित गरिएको छ। निवेदन संकलन भएपछि अन्तिम छनौट गाउपालिकाले गरी छनौट भएका प्रशिक्षार्थीको सूची यस कार्यालयमा पठाउनु पर्ने व्यहोरा समेत अनुरोध छ।

तपसिल

शैक्षिक योग्यताः मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उतिर्ण।

निवेदन साथ सम्लग्न गर्नुपर्ने कागजातहरुः

१.पालिका/वडाबाट निम्न बर्गिय वा आर्थिक अवस्था कमजोर भएको भन्ने सिफारिस।
२.शैक्षिक योग्यताका प्रमाण पत्रहरु।
३.नेपाली नागरिकताको प्रमाण पत्र।

तपसिलका सेवा समुहमा संघीय निजामती सेवा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा प्रवेस गर्नका लागि मिल्दाजुल्दा पाठ्यक्रमका विषयमा प्रशिक्षण गराईने छ।

तह र श्रेणीः-अधिकृतस्तर सातौं/राजपत्राकित तृतीय श्रेणी

१.नेपाल प्रशासन सेवा/प्रदेश प्रशासन सेवा / स्थानीय तह सरकारी प्रशासन सेवा।

माथि उल्लेखित सेवा मध्ये जुन पालिकामा जुन सेवाको लागि बढी आवेदन दर्ता हुन आउछ सोही सेवाका एक समुह पालिकाबाट छनौट भई सोही सेवाका लागि कक्षा संचालन गरिने छ। आवश्यक संख्या भन्दा बढी आवेदन पर्न आएमा निम्नलिखित मापदण्डलाई प्राथमिकता दिई अन्तिम छनौट गर्नुपर्नेछ।

१.निम्न बर्गिय आर्थिक रुपले कमजोर।
२.दलित/अपाङ्गता भएको।
३.महिला/मधेसी/आदीबासी/जनजाती
४.मुस्लीम/मुक्त कमैया कमलरी
५.पीछडा/ सिमान्तकृत बर्ग
६.शैक्षिक योग्यतामा राम्रो प्रतिशत वा जिपिए भएको।

हरि बहादुर बिष्ट
कार्यालय प्रमुख

फोन नं. ०७१-५७५५२६, ०७१-५९०३२२ E-mail: sddo.rupandehi@gmail.com Web Site: sddorupandehi.lumbini.gov.np

CamScanner

श्रीमान अध्यक्ष ज्यू मिति:

सियारी गाउपालिका

गाउकार्यपालिकाको कार्यलय सियारी रुपन्देही।

बिषय: लोक सेवा तयारी कक्षामा सहभागी गराई पाउँ।

उपर्युक्त सम्वन्धमा सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही मिति २०८१।१०।६ मा प्रकासित सूचना अनुसार नेपाल प्रशासन सेवा/प्रदेश प्रशासन सेवा स्थानीय सरकारी प्रशासन सेवा राजपत्रांकित तृतीय /अधिकृतस्तर सातौ तहको लोक सेवा आयोग तयारी कक्षा संचालन गर्ने भन्ने सूचना प्रकासित भएकोले उक्त तयारी कक्षामा भाग लिन ईच्छुक भएकोले सूचनामा माग भए अनुसारका कागजात यसै निवेदन साथ राखी पेश गरेको छु। उक्त कक्षामा सहभागी गराई दिने व्यबस्थाका लागि अनुरोध गर्दछु।

निवेदक

नाम:

ठेगाना

CS CamScanner